लोकप्रिय समाचार
हुलाक दर्ता नं: २६
सि.पा, जिल्ला हुलाक कार्यालय
२०८० साउन ११ गते बिहिबार
2023 July 27 Thursday
दर्ता नं: ०६८/०७०/०७१ सि.पा


# त्रिपुरासुन्दरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

**पिस्कर, सिन्धुपाल्चोक**

**बागमती प्रदेश, नेपाल**

**2073**

## सेवा करारमा कर्मचारी पदपूर्ती गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०/०४/१०**

यस गाउँपालिकामा विभिन्न पदमा खुल्ला प्रतिस्पर्धाको माध्यमबाट करार सेवामा पदपूर्तिको लागि तपसिल बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयमा आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| वि.नं. | पद | तह | संख्या | आवश्यक शैक्षिक योग्यता | परीक्षा किसिम |
|---|---|---|---|---|---|
| १-२०८०/८१ | MIS अपरेटर | पाँचौं | १ | कम्तिमा मान्यताप्राप्त शिक्षण संस्थाबाट १०+२ कम्प्यूटर विषय लिई उत्तीर्ण गरेको वा कम्तीमा प्रविणता तह वा सो सरह उत्तीर्ण गरी कम्प्यूटर सम्बन्धी कम्तीमा ६ महिना तालिम प्राप्त गरेको । | कम्प्यूटर सीप परीक्षण, अन्तर वार्ता |
| २-२०८०/८१ | अ.हे.व. | चौथो | १ | नेपाल सरकारबाट मान्यताप्राप्त शैक्षिक संस्थाबाट CMA वा सो सरह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको । | लिखित, अन्तरवार्ता |
| ३-२०८०/८१ | वैद्य | चौथो | १ | सहायक आयुर्वेद स्वास्थ्य कार्यकर्ता कोर्ष (AAHW) वा सो सरह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको । | लिखित , अन्तरवार्ता |

१. **दरखास्त दिने स्थान** : त्रिपुरासुन्दरी गाउँपालिकाको कार्यालय, पिस्कर, सिन्धुपाल्चोक ।
२. **दरखास्त दिने अन्तिम मिति** : सूचना प्रकाशन भएको मितिले पन्ध्रौं दिन सम्म, कार्यालय समय भित्र ।
३. **परीक्षा मिति** : आवेदन म्याद समाप्त भएपछि प्रकाशन गरिनेछ ।
४. **आवेदन दस्तुर** : पाँचौं तहको पदका लागि रू. ७०० र चौथो तहको पदका लागि रू. ५०० रहनेछ ।
५. **उमेर हद** : १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष ननाघेको) ।
६. **आवेदन साथ संलग्न कागजातहरु** : आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमका कागजातको प्रतिलिपिहरू :
   **क.** नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी
   **ख.** न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क पत्रको प्रतिलिपी
   **ग.** चारित्रिक प्रमाणपत्रको प्रतिलिपी
   **घ.** काम अनुभवसँग सम्बन्धित कागजातहरूको प्रतिलिपी
   **ङ.** तालिम प्राप्त गरेको भए सो को कागजात
   **च.** २ प्रति पासपोर्ट साइजको फोटो
७. **सेवा सुविधा** : नियमानुसार हुनेछ ।
८. थप जानकारीको लागि यस गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

**विषादीको प्रयोग भएको खाद्यवस्तु, फलफूल एवं तरकारीको उपभोगबाट प्यारालाइसिस, हृदयघात तथा मृत्युसमेत हुनसक्ने भएकोले त्यस्ता वस्तुको उपभोगमा सावधानी अपनाऔं ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## लाष्ट पेज



मीना मरासिनी

> **आफूले जीवनको उर्बर समयमा गरेको मेहनत र लगानीका साथै पढेको विषयभन्दा नितान्त फरक तथा योग्यताभन्दा तल्लो तहको जागिर खानसमेत युवा मरिहत्ते गरिरहेका छन् । पढेका विषय र जागिर खान खोजेको क्षेत्रबिच आकाश पातालको अन्तर छ ।**

# सरकारी जागिरको मोह

शाखा अधिकृत पदका लागि लोक सेवा आयोगले लिएको पहिलो चरणको परीक्षाको नतिजा हालै सार्वजनिक भयो । २०७९/८० का लागि ३१८ जना शाखा अधिकृत पदको विज्ञापन खुलेकोमा १५ हजार ९८४ जनाले परीक्षा दिएका र त्यसमध्ये पाँच हजार ९६७ जनाले मात्र पहिलो चरण उत्तीर्ण गरेको लोक सेवा आयोगको तथ्याङ्कले देखाउँछ ।

अर्थात् यस पटक शाखा अधिकृतको विज्ञापनमा कुल माग गरिएको पदसङ्ख्या भन्दा ५० गुणा धेरैले आवेदन गरेका छन् । त्यस्तै लोक सेवा आयोगको ६३ औं वार्षिक प्रतिवेदन अनुसार आर्थिक वर्ष २०७८/७९ मा खुलेका तीन हजार ७२७ वटा पदका विज्ञापनमा कुल तीन लाख ६५ हजार ४३४ जनाले दरखास्त दिएका थिए । एक आर्थिक वर्षभरिमा लोक सेवा आयोगबाट खुल्ने विज्ञापनमा कुल माग पदसङ्ख्याभन्दा ९८ गुणा धेरै आकाङ्क्षीले जागिरका लागि आवेदन गर्ने गरेको यसबाट देखिन्छ । सङ्घ, प्रदेश, स्थानीय तह, शिक्षक, सेना तथा प्रहरी, सरकारी संस्थान तथा अन्य सङ्गठित संस्थामा लोक सेवा आयोगबाट लिइने परीक्षामा परीक्षार्थीको चाप बर्सेनि बढ्दै गइरहेको छ । लोक सेवा तयारीको नाममा च्याउ जस्तै खुलेका ट्यूसन संस्था तथा अनलाइन प्लाटफर्मको सङ्ख्या, नाम चलेका ट्यूसन संस्थामा लोक सेवा परीक्षाको तयारीका लागि देखिने युवाको भिड, कुनै पनि पदको विज्ञापन पत्रिकामा प्रकाशन हुनेबित्तिकै बजारमा त्यसको तयारी पुस्तक निकालिहाल्ने लेखकको बग्रेल्ती सङ्ख्या र पुस्तकको रासका साथै निःशुल्क भिडियो स्ट्रीमिङ कक्षामा जोडिएका सरकारी जागिरका आकाङ्क्षीको सङ्ख्याले पनि सरकारी जागिरप्रतिको आकर्षणलाई पुष्टि गर्दछ । वास्तवमा निम्न तथा मध्यमवर्गीय परिवारका, पढाइमा औषतभन्दा राम्रै रहेका तथा विदेश जाने मन नगरेका वा त्योभन्दा पनि आर्थिक हैसियतले तत्काले नभेट्ने युवाका लागि निजामती सेवा वा अन्य सरकारी सेवाका जागिर आशा र आकर्षणको केन्द्र बनिरहेका छन् ।

अझ सरकारी जागिर भनेपछि नाक खुम्च्याउने र निजी क्षेत्र वा विदेशतिर आकर्षित हुने कतिपय सम्भ्रान्त परिवारका छोराछोरीसमेत पछिल्लो समय सरकारी जागिरमै लाग्न लोक सेवाको परीक्षा तयारी गर्ने प्रचलन बढेको छ । युवा पलायन तथा प्रतिभा पलायनको भयानक रोगले नेपाली समाजलाई नराम्रोसँग गाँजिरहेको बेला सक्षम युवा सरकारी जागिरमा आकर्षित बनेर देशभित्रै सेवा गर्न इच्छा देखाउनु खुसीकै कुरा हो तर सरकारी सेवाप्रति बढेको आकर्षणभित्र लुकेका बाध्यताजन्य यथार्थ तथा कतिपय नखुलेका पाटालाई भने बेवास्ता गर्न सकिँदैन । मुख्य सरकारी सेवाको रुपमा रहेको निजामती सेवामा अहिले करिब ८८ हजार जना कर्मचारी रहेकामा त्यसको करिब २७ प्रतिशत अर्थात् २३ हजारभन्दा धेरै महिला कर्मचारी रहेको सरकारी तथ्याङ्कले देखाउँछ । निजामती सेवालाई समयसापेक्ष बनाउने र विश्वको सार्वजनिक प्रशासनमा आएका नयाँ व्यवस्थापकीय सिद्धान्तको प्रयोग गर्ने भन्दै विसं २००९ देखि नै विभिन्न आयोग तथा सुधार समिति बनाइए र त्यस्ता संयन्त्रले दिएका सिफारिस धेरथोर कार्यान्वयन पनि हुँदै आए । निजामती सेवालाई समावेशी बनाउने भन्दै गरिएको आरक्षणको व्यवस्थाले सरकारी सेवामा विभिन्न जातजाति, क्षेत्र र लिङ्गको समुचित प्रतिनिधित्व तथा पहुँचको सुनिश्चितता मात्र होइन, सरकारी सेवाप्रति सबै वर्गको अपनत्व र आकर्षण बढाउने काम पनि भएको छ । समय समयमा पाठ्यक्रममा परिमार्जन गर्दै समयसापेक्ष तथा पद अनुकूलको ज्ञान, सिप र क्षमतामा आधारित बनाउने प्रयाससमेत गरिएको छ, जसले नेपालको निजामती सेवामा भर्ना तथा छनोटको प्रक्रिया सुधारोन्मुख छ भन्ने देखाउँछ । लोक सेवामा बढ्दै गएको आकर्षणको एउटा कारण यसको बदलिँदो पाठ्यक्रमका साथै छनोटमा निष्पक्षता र योग्यता प्रणाली पनि हो तर अहिलेको अवस्थामा स्वीकार गर्नैपर्ने कुरा के हो भने, नेपालको सरकारी जागिर आफैँमा आकर्षक भएकाले यति धेरै युवा सरकारी नोकरीमा लालायित भएका होइनन्, युवामा लोक सेवाको भुत चढ्नु बाध्यताको उपज हो ।

वन रक्षक तथा खरिदार जस्ता तल्ला तहका पदमा समेत स्नातकोत्तर गरेका युवाले दरखास्त दिने र छनोट भएर सेवामा प्रवेश गर्ने गरेका छन् । पछिल्लो समयमा विज्ञान विषय अध्ययन गरेर स्नातकोत्तर गरिसकेका विद्यार्थी खरिदारदेखि शाखा अधिकृतसम्मकै पदमा नियुक्त हुने दर बढिरहेको छ । आफूले जीवनको उर्बर समयमा गरेको मेहनत र लगानीका साथै पढेको विषयभन्दा नितान्त फरक तथा योग्यताभन्दा तल्लो तहको जागिर खानसमेत युवा मरिहत्ते गरिरहेका छन् । पढेका विषय र जागिर खान खोजेको क्षेत्रबिच आकाश पातालको अन्तर छ । कहिल्यै नसुनेका प्रशासनका विषय तथा ऐन नियम कनीकुथी पढेर सरकारी जागिर खाने अभिलाषा पालेका छन् । अनुसन्धानकै क्षेत्रमा प्रगतिको सम्भावना भएका समेत तल्लो तहको भए पनि सरकारी जागिर खान चाहनु बाध्यता हो ।

एकातर्फ शिक्षित बेरोजगारको सङ्ख्या बढ्दै जानु र अर्कातर्फ निजी क्षेत्रमा रोजगारीका अवसर कम हुनु, जागिरको सुरक्षा नहुनुले युवा स्थायी सरकारी जागिर खोज्न बाध्य छन् । धेरै युवासँग सरकारी जागिर खाएर ठुलो प्रगति गर्ने सपना हुँदैन । स्थायी जागिर भएपछि जागिर गुम्ने डर नहुने र जेनतेन परिवार पाल्न सकिने धारणा **क्रमश...**

सगुन बस्नेतद्वारा प्रकाशित, सम्पादकः सन्तोषी बस्नेत, प्रबन्ध निर्देशकः नेत्र बहादुर बस्नेत, कार्यकारी सम्पादक : विपना तामाङ (गोले), व्यवस्थापक (दोलालघाट): एकराज श्रेष्ठ, हुकुम लामा
कार्यालयः चौतारा साँगाचोकगढी न.पा-१४ डडुवा, सिन्धुपाल्चोकEmail: lokpriyasamachar@gmail.com, सम्पर्कः ९८५११०४५४०, ९८५१०३५७४५, डिजाईन/कम्प्युटर लेआउटः लोकप्रिय नेत्रज्योती सञ्चार समुह सिन्धुपाल्चोक, मुद्रणः सेवा अफसेट प्रेस